विद्युत नियमन आयोगको मिति २०७६/११/०५ को बयालीसौ बैठकको निर्णयानुसार जारी गरिएको

**<u>विद्युत खरिद बिक्री तथा अनुमति प्राप्त व्यक्तिले पालना गर्नुपर्ने शर्त सम्बन्धि विनियमावली, २०७६ को कार्यान्वयनमा आएका केही जटिलता सम्बन्धमा प्रस्टीकरण</u>**

विनियम ८ को उपविनियम (२) संग सम्बन्धित अनुसूची ५ को बुँदा नं. (४) कार्यान्वयन गर्दा १० मे.वा. वा सो भन्दा साना जलविद्युत (ROR तथा PROR) आयोजनाको लागि गर्ने।

**बुँदा (क) को कार्यान्वयन गर्दा** खोला/नदी मा पानीको वहाबमा कमी भएको कारणले विद्युत ऊर्जा उत्पादनमा कमी हुँदा विद्युत खरिदकर्ताले विद्युत बिक्रीकर्तालाई कुनै हर्जना नलगाउने व्यवस्था गर्ने।

त्यस्तै बाढी, पहिरो र भुकम्प लगायतका अन्य काबू बाहिरको परिस्थितिको कारणले सम्बन्धित प्रसारण लाइन वा सबस्टेशनमा क्षति पुग्न गएमा विद्युत खरिदकर्ताले बिक्रीकर्तालाई क्षति दिनु नपर्ने व्यवस्था गर्ने।

**बुँदा (ख) को कार्यान्वयन गर्दा** विद्युत खरिद बिक्री सम्झौता बमोजिम खरिदकर्ताले बिक्रीकर्तालाई Undelivered Energy को क्षतिपुर्ति प्रदान गर्दा १३२ के.भी., ६६ के.भी., ३३ के.भी. र ११ के.भी. लाई समान शुत्र प्रयोगमा ल्याउने सम्बन्धमा नेपाल विद्युत प्राधिकरणले आवश्यक थप अध्ययन गरी आयोगमा प्रतिवेदन पेश गर्ने र तबसम्मको लागि प्राधिकरणले यस अघि प्रचलनमा ल्याएको व्यवस्थालाई निरन्तरता दिने।